# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाण्डौं असार १८ गते २०५४ साल (अतिरिक्तांक १७


## भाग १

### संसद सचिवालयको सूचना

श्री ५ महाराजाधिराजबाट संसदको बाऱ्हौं अधिवेशनमा दुवै सदनको संयुक्त बैठकलाई संवत् २०५४ साल असार १८ गते बुधबारका दिन बक्सेको सम्बोधन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## शाही सम्बोधन

***प्रतिनिधि सभाका सभामुख,***
***राष्ट्रिय सभाका अध्यक्ष तथा***
***सांसदहरू,***

१. संसदको बाह्रौं अधिवेशनको दुवै सदनको संयुक्त बैठकलाई आज सम्बोधन गर्न पाउँदा हामीलाई खुशी लागेको छ । नेपाल अधिराज्यको संविधान, २०४७ को भावना अनुरूप मुलुकको सर्वाङ्गीण विकासका लागि मेरो सरकारले नगर र गाउँस्तरीय जन उत्तरदायी स्थानीय निकायको निर्वाचन कार्य सम्पन्न गरेकोछ ।

२. मेरो सरकारले आगामी आर्थिक वर्ष देखि नवौं योजनामा गरिबी निवारण सम्बन्धी कार्यक्रम, रोजगारी, खाद्य सुरक्षा, मानवीय संसाधनको विकास, भौगोलिक क्षेत्रको समानुपातिक विकास तथा ग्रामीण क्षेत्रलाई विकासको केन्द्र बिन्दु मानी ठोस

अधिकारकर्ता मुद्रण विभागबाट प्रकाशित गरिएकोमा मात्र लागु हुनेछ।

९६६

कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नेछ । साक्षरता, साना सिंचाई, स्वच्छ खानेपानी, साना तथा घरेलु उद्योग, साना जलविद्युत विकास, सबैलाई सुलभ प्राथमिक स्वास्थ्य र साना सडक तथा ग्रामीण कृषि सडक कार्यक्रमहरूलाई एक अर्काको परिपूरक बनाउदै सन्तुलित विकासको अवधारणालाई व्यवहारमा उतार्न स्थानीय स्तरसम्म कार्यक्रमहरू संचालन गरिनेछ । दिगो उच्च आर्थिक विकास दर, उदार तथा बजारमुखी आर्थिक नीति, वित्तीय तथा मौद्रिक नीति तथा निजी क्षेत्रको भूमिका एवं सहभागितालाई स्पष्ट गरी देशको अर्थतन्त्रको आधार तयार गरिनेछ । सरकारी तथा निजी क्षेत्रलाई समाहित गरी देशमा आर्थिक समानता तथा आर्थिक सन्तुलन कायम गर्ने नीतिका आधारमा मेरो सरकारले बचत परिचालनमा विशेष जोड दिनेछ । मेरो सरकारले योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन योजना व्यवस्थापनमा सुधार गर्नेछ ।

३. मेरो सरकारले समष्टिगत आर्थिक स्थायित्व कायम राखी उच्च आर्थिक विकास दर हासिल गर्न विकासका कार्यक्रम संचालन गर्नेछ । सार्वजनिक प्रतिष्ठानहरूमा सरकारी संलग्नतालाई क्रमश: घटाउँदै जाने र निजी क्षेत्रलाई सहभागी गराउने नीति कायमै राखिनेछ । कर प्रणालीको संरचनालाई उपयुक्त र वैज्ञानिक बनाउन मूल्य अभिवृद्धि कर लागू गरिनेछ । अनुत्पादक सरकारी खर्च कम गर्न मितव्ययिताको नीति अवलम्बन गरिनेछ । राष्ट्रिय बचत वृद्धि गर्न तथा बैकिङ्ग सुविधाको विस्तार गर्न वित्तीय क्षेत्रको सुदृढीकरणमा विशेष जोड दिइनेछ । देशमा मुद्रा-स्फितिलाई वाञ्छित सीमा भित्र राखी आम जनतालाई पर्न सक्ने मूल्यवृद्धिबाट राहत प्रदान गर्न मेरो सरकार विशेष प्रयत्नशील रहनेछ ।

४. मेरो सरकार स्थानीय निकायलाई अधिकार सम्पन्न गराई विकेन्द्रीकरणलाई संस्थागत रूप दिन प्रयत्नशील रहनेछ । आफ्नो गाउँ आफै बनाऔं भन्ने भावना अनुरूप गाउँ विकास कार्यक्रमको माध्यमबाट गाउँलाई आत्मनिर्भर र स्वावलम्बी बनाउने नीतिलाई निरन्तरता दिइनेछ । अधिराज्यको अति-दुर्गम क्षेत्रका जनताको आर्थिक तथा सामाजिक स्तर उठाउन मेरो सरकार विशेष प्रयत्नशील रहनेछ । गैर सरकारी संस्थाहरू समेत परिचालन गरी महिलाको साथै जनजाति एवं लक्षित समुदायको विकास कार्यक्रमलाई प्रभावकारी रूपले संचालन गरिनेछ । नगरपालिकाहरूको विकासलाई सुदृढ पार्दै संभाव्य क्षेत्रहरूलाई क्रमश: नगरपालिकाको रूपमा विकसित गर्ने नीति राखिनेछ । शहरी क्षेत्रको फोहर मैला व्यवस्थापनमा स्थानीय निकायलाई बढी जिम्मेवार बनाई निजी तथा गैर सरकारी क्षेत्रलाई समेत यस कार्यमा संलग्न गराउने नीति


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लिइनेछ ।

५. निजी क्षेत्रको विकास तथा लगानीको लागि अनुकूल वातावरण तयार गर्ने एवं औद्योगिक प्रवर्द्धनका चुनौतिहरूलाई प्रभावकारी ढंगले निर्वाह गर्ने आर्थिक संयन्त्रहरूको विकास गरी लगानी प्रवर्द्धन गर्ने नीतिलाई मेरो सरकारले ठोस रूपमा कार्यान्वयन गराउनेछ । लघु उद्योग तथा व्यवसायलाई प्रोत्साहित गरी बेरोजगारी समस्या समाधान गर्ने कार्यक्रम संचालन गरिनेछ । मेरो सरकारले खनिजजन्य उद्योगलाई प्रोत्साहन गर्नेछ । उद्योगहरूलाई गुणस्तरीय सामग्री उत्पादन गर्ने तर्फ अभिप्रेरित गर्नुका साथै औद्योगिक प्रदूषण नियन्त्रण गरिनेछ ।

६. श्रमिकहरूको आन्तरिक एवं बाह्य माग तथा आपूर्तिमा सन्तुलन ल्याउन रोजगार विनिमय तथा श्रम बजार सूचना संकलन कार्यक्रमलाई अझ व्यवस्थित र सुदृढ गरिनेछ । श्रमजीवी तथा कमैया महिलाहरूलाई आत्मनिर्भर बनाउन प्रदान गरिदै आएको सीपमूलक कार्यक्रमलाई निरन्तरता दिइनेछ । औद्योगिक क्षेत्रमा व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा सम्बन्धी कार्यक्रमहरू संचालन गर्दै लगिनेछ । स्वदेशी जनशक्ति परिचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

७. अन्तरराष्ट्रिय बजारहरूमा पर्यटन प्रवर्द्धन कार्यक्रमको संचालनमा विशेष जोड दिई नेपाललाई अग्रणी पर्यटन गन्तव्य स्थल बनाउन मेरो सरकार प्रयत्नशील रहनेछ । आन्तरिक पर्यटनको विस्तार गर्न निजी क्षेत्र समेतको सहभागितामा वृद्धि गर्दै "नेपाल भ्रमण वर्ष, १९९८" कार्यक्रमलाई प्रमुखता दिई संचालन गरिनेछ । क्षेत्रीय उड्डयन सुरक्षा निगरानी कार्यालय नेपालमा स्थापना गरी दक्षिण एशियाली क्षेत्रका मुलुकहरूको पारस्परिक सहयोगबाट उडान सुरक्षा कार्यलाई सुदृढीकरण गरिनेछ ।

८. देशको वाणिज्य नीतिलाई खुला, उदार एवं प्रतिस्पर्धात्मक बजारमुखी बनाई व्यापार असन्तुलनलाई न्यून गर्न उत्पादनमूलक क्षेत्रलाई वाणिज्य क्षेत्रसंग प्रत्यक्ष रूपले आबद्ध गराउन मेरो सरकारले कार्यक्रमहरू संचालन गर्नेछ । विश्व व्यापार संगठन र सार्क सौविध्यपूर्ण व्यापार सम्झौतालाई कार्यरूप दिन मेरो सरकारले उपयुक्त व्यवस्था गर्नेछ। निर्यात प्रवर्द्धनको लागि अन्तरराष्ट्रिय बजारको खोजी गर्ने कार्य अगाडी बढाउनुका सांथै पारवहन व्यवस्थालाई सस्तो, छरितो र सक्षम बनाउन वीरगंजको सिर्सियामा भूपरिवहन मालवाहक केन्द्रको निर्माणमा तीव्रता ल्याइनेछ ।

९. सर्वसाधारण जनताका दैनिक अत्यावश्यक वस्तुहरूको आपूर्ति व्यवस्था



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

965

सर्वसुलभ गर्न तथा मूल्यमा स्थिरता कायम राख्न मेरो सरकारले आपूर्ति व्यवस्थापनमा निजी क्षेत्रको सहभागितालाई प्रोत्साहित गर्ने नीति कायमै राख्नेछ। देशका दुर्गम क्षेत्रमा उपलब्ध गराउदै आएको खाद्यान्न आपूर्तिलाई कायमै राखिनेछ। कृषि उपजको उचित मूल्य र बजारको प्रत्याभूति गरी कृषि उत्पादन वृद्धि गर्ने नीतिलाई अझ प्रभावकारी बनाइनेछ।

१०. मेरो सरकारले जिल्ला सदरमुकाम जोड्ने सडक तथा महेन्द्र राजमार्गको कोहलपुर महाकाली खण्डमा निर्माणाधीन पुलहरूको निर्माण कार्य सम्पन्न गर्न प्राथमिकता दिनेछ। रोपवे, रेलवे, जलमार्ग र केवलकारको निर्माण कार्यमा निजी क्षेत्रलाई सहभागिता गराइने नीति लिइनेछ। महत्वपूर्ण पर्यटन मार्गहरूको निर्माण र विकासमा जोड दिइनेछ। झोलुंगेपुलहरूको निर्माण र हुलाकी बाटोको विस्तार एवं सुधार कार्यलाई निरन्तरता दिइनेछ।

११. मेरो सरकारले महाकाली नदीको एकीकृत विकास सम्बन्धी सन्धिको प्रावधानहरू छिटो भन्दा छिटो कार्यान्वयनमा ल्याउनेछ। जलस्रोतको विकास सम्बन्धी दीर्घकालीन जलस्रोत रणनीति तर्जुमा गरिनेछ। निर्माणाधीन काली गण्डकी "ए", पुवाखोला, मोदी खोला, चिलिमे, खिम्ती र माथिल्लो भोटेकोशी जलविद्युत आयोजनाहरू समयमै पूरा गर्ने व्यवस्था गरिनेछ। जलस्रोतको विकासमा निजी क्षेत्र तथा विदेशी लगानीकर्तालाई बढी प्रोत्साहित गरिनेछ। विद्युत सेवालाई जिल्लाको सदर मुकामसम्म क्रमश: उपलब्ध गराइनेछ। नदी कटान रोकथाम गर्ने कार्यमा स्थानीय जनताको सहभागिता गराई संचालन गरिनेछ।

१२. मेरो सरकारले कृषि विकासको लागि आवश्यक पर्ने सिंचाई, मलखाद, ग्रामीण कृषि सडक, ग्रामीण विद्युतीकरण र आधुनिक कृषि प्रविधि एवं प्रसारलाई एकीकृत तथा समन्वयात्मक रूपमा परिचालन गरी दीर्घकालीन कृषि विकास योजना संचालन गर्नेछ। खाद्य सुरक्षा, गरिबी निवारण, रोजगारी प्रवर्द्धन, महिला सहभागिता एवं वातावरणीय पक्षहरू तर्फ अभिमुख कृषि कार्यक्रम संचालन गरिनेछ। कृषि बजार सूचना प्रणाली र सम्बद्ध पूर्वाधारको विकास गरी कृषिजन्य उद्योगलाई आवश्यक पर्ने कृषि पैदावारको उत्पादन कार्यक्रमलाई बाली विविधीकरणको दायराभित्र समावेश गरिनेछ।

१३. मेरो सरकारले भू-स्वामित्व तथा भूमि व्यवस्थामा सुधार कार्यक्रमहरू संचालन


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्नेछ । कमैया प्रथा उन्मूलन कार्यक्रमलाई निरन्तरता दिइनेछ । भू-अभिलेखको संरक्षणका लागि अभिलेखालय स्थापना गरिनेछ। नगरकोट स्थित वेधशालालाई खगोल शास्त्रको अध्ययनको निमित्त विकसित गरिनेछ। सुकुम्वासीको पहिचान गरी सुकुम्वासी समस्या अन्त्य गर्ने कार्यलाई निरन्तरता दिइनेछ। गुठी सम्पदाको संरक्षणको लागि थप कार्यक्रमहरू संचालन गरिनेछ ।

१४. मेरो सरकारले सामुदायिक वन विकास कार्यक्रमलाई उपभोक्ता समूहको संस्थागत विकासद्वारा स्तरीयता कायम गर्न जोड दिनेछ। वन पैदावारको आपूर्तिलाई सर्वसुलभ बनाउन वन व्यवस्थापनमा निजी उद्यमीहरूलाई प्रोत्साहित गरिनेछ । वातावरणीय सन्तुलन कायम राख्न राजमार्ग तथा सडकहरूको दायाँ बायाँ तथा पर्ती जग्गा र नहर किनारामा समेत मेरो सरकारले जनसहभागिता समेतको आधारमा बृक्षरोपण गर्दै जाने नीति अवलम्बन गर्नेछ। राष्ट्रिय निकुन्ज तथा आरक्षहरूमा लोप हुने आशंका भएका वन्यजन्तुहरूको अनुकूल वातावरणमा पुनर्स्थापना गर्दै लैजाने कार्यक्रम बनाई लागु गरिनेछ। वनस्पति स्रोतको पहिचान, संरक्षण र सदुपयोग गर्ने दीर्घकालीन योजना अवलम्बन गरिनेछ ।

१५. विकास, जनसंख्या र वातावरण बीचको अन्तर्सम्बन्धलाई समाजका सबै पक्षमा व्यापक गर्ने प्रयत्न गर्नुका साथै जनसंख्या सूचना र शिक्षा सम्बन्धी कृयाकलापलाई अझ व्यापक गरिनेछ ।

१६. सन् २००२ सम्ममा सम्पूर्ण जनसंख्यालाई खानेपानी सुविधा उपलब्ध गराउन मेरो सरकारले गैर सरकारी तथा निजी क्षेत्रको सहयोग समेत परिचालन गरी खानेपानी कार्यक्रमको कार्यान्वयनमा अरु तीव्रता ल्याउने छ । मेलम्ची खानेपानी आयोजना समयबद्ध रूपमा कार्यान्वयन गरिनेछ । शहरी क्षेत्र तथा ग्रामीण क्षेत्र बीच अन्तर सम्बन्धको विकास हुने गरी शहरी विकास कार्यक्रम संचालन गर्दै लगिनेछ। निजी क्षेत्रलाई आवास विकासमा सहभागी गराउन कानूनी आधारहरू तयार गरिनेछ। सुलभ र किफायती स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोगद्वारा सुरक्षित एवं कम लागतको भवन निर्माण प्रविधिको विकास गरिनेछ ।

१७. वर्तमान शिक्षा नीति र कार्यक्रममा समसामयिक सुधार गर्न मेरो सरकारले उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग गठन गरेकोछ। आयोगको प्रतिवेदन प्राप्त भएपछि कार्यान्वयन गर्दै लगिने छ । प्राथमिक शिक्षालाई अनिवार्य गरिने कार्यक्रम शुरु


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
९८९

गरिनेछ । साक्षरता कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गरिनेछ । खुला विश्वविद्यालयको लागि प्रारम्भिक कार्य शुरु गरिनेछ । शैक्षिक क्षेत्रका समसामयिक समस्याहरूलाई समुचित ढङ्गले समाधान गर्दै लगिनेछ ।

१८. मेरो सरकारले बेजिङ्ग सम्मेलनद्वारा पारित कार्य नीति अन्तर्गतका १२ वटा निर्धारित क्षेत्र अन्तर्गत विभिन्न कार्यक्रमहरू कार्यान्वयन गर्दै राजनैतिक, सामाजिक र आर्थिक क्षेत्रमा महिलाहरूलाई अधिकार सम्पन्न गराउँदै लगिनेछ ।

१९. मेरो सरकारले युवाशक्तिलाई राष्ट्रको सर्वाङ्गीण विकासमा संलग्न गराउने नीति र कार्यक्रम ल्याउनेछ । देशको साँस्कृतिक सम्पदाको विस्तृत सर्वेक्षण, पुरातात्विक स्थलहरूको अन्वेषण, अनुसन्धान, उत्खनन तथा संरक्षणमा ध्यान दिइनेछ । सबै जनजाति, समुदाय तथा आदिवासीहरूको संस्कृति, धर्म, भाषाको सम्वर्द्धन र संरक्षण गर्ने अल्पकालीन र दीर्घकालीन कार्यक्रमहरू संचालन गरिनेछन् ।

२०. मेरो सरकारले प्राविधिक व्यावसायिकता तथा बौद्धिक सृजनशीलता अभिवृद्धिका लागि आवश्यक पर्ने उपयुक्त अनुसन्धान र भौतिक पूर्वाधारको विकास गर्ने कार्यलाई अगाडि बढाउनेछ ।

२१. ग्रामीण स्तरमा प्राथमिक स्वास्थ्य सेवालाई सर्वसुलभ गराउन र केन्द्रीयस्तरमा विशेषज्ञको सेवा उपलब्ध गराउने तर्फ विविध कार्यक्रम ल्याउनुका साथै जनशक्ति उत्पादन, स्वास्थ्य संस्थाहरूको विस्तार, औषधि र औजारहरूको आपूर्ति गर्ने तर्फ मेरो सरकारले विशेष प्रयास गर्नेछ ।

२२. मेरो सरकारले राष्ट्रिय सूचना तथा संचार प्रणालीलाई २१ औं शताब्दीको आवश्यकता अनुरूप विकसित गर्दै लान यथाशीघ्र २० वर्षे गुरु योजना बनाउनेछ । यस क्षेत्रमा आवश्यक पर्ने जनशक्तिको निर्माण आफ्नै देशमा गर्नका निम्ति राष्ट्रिय प्रसारण प्रशिक्षण प्रतिष्ठान स्थापनाका लागि पहल गरिनेछ । पत्रकारिता जगत्को संस्थागत विकास गराउने हेतुले मेरो सरकारले संचारग्रामको स्थापना गर्न आवश्यक पूर्वाधार निर्माणमा जोड दिनेछ । प्रेसको स्वतन्त्रता र मर्यादालाई कायमै राखी सरकारी संचार माध्यमहरूलाई स्वतन्त्र र निस्पक्ष राखिनेछ । हुलाक सेवालाई भरपर्दो र प्रभावकारी बनाउन टेवा पुग्ने गरी डांकरेखाको परिमार्जन र आधुनिकीकरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । दूरसंचार सेवाको विकासमा निजी क्षेत्रको समेत सहभागिता गराई नयाँ प्रविधिका सेवाहरू प्रारम्भ गर्ने र ग्रामीण क्षेत्रसम्म यसको


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
९८२

विस्तार गर्ने कार्य जारी राखिनेछ। नेपाल टेलिभिजनको प्रसारणलाई अधिराज्यव्यापी बनाउन भू-उपग्रह माध्यमको प्रयोग गर्न तयारी गरिनेछ । गोरखापत्र संस्थानको संचालनमा निजी क्षेत्रलाई सहभागी बनाउने प्रक्रिया अगाडि बढाई प्रकाशन-गृहको रूपमा विकास गर्ने नीति लिइनेछ ।

२३. मेरो सरकारले प्रशासन संयन्त्रलाई राजनीतिबाट पर राखी निस्पक्ष, छिटोछरितो, स्वच्छ एवं जनमुखी बनाउन हरसंभव उपायहरू अपनाउनेछ। निजामती सेवालाई बढी मर्यादित तुल्याउन सामयिक प्रोत्साहन गर्दै जानेछ। भ्रष्टाचार एवं आर्थिक अनियमिततालाई नियन्त्रण गर्न कडा व्यवस्था अपनाउनेछ ।

२४. मेरो सरकारले कानूनी राज्यको अवधारणालाई साकार पार्ने क्रममा न्याय सम्पादनको कार्यलाई अझबढी छिटो, छरितो एवं प्रभावकारी बनाउन आवश्यक पूर्वाधार विकसित गराउँदै जाने नीति कायमै राख्नेछ । असमर्थका लागि निःशुल्क कानूनी सेवा उपलब्ध गराउने नीतिलाई अझ बढी प्रभावकारी बनाइनेछ ।

२५. संसदीय व्यवस्थाको सुदृढीकरण गर्ने सन्दर्भमा संसदीय संस्कृतिको विकास गर्न मेरो सरकारले थप प्रयास गर्नेछ ।

२६. देशमा सर्वसाधारण जनताको जीउधनको सुरक्षा र अमन चयन कायम राख्न मेरो सरकार सजग र सक्रिय रहनेछ । नेपाल प्रहरी एवं सुरक्षासंग सम्बद्ध अन्य निकायहरूलाई सुदृढ, सबल र सक्षम बनाउन जोड दिइनेछ । उच्चस्तरीय नागरिकता आयोगले प्रस्तुत गरेको सुझाव अनुरूप नेपाली नागरिकलाई सरल र छिटो छरितो रूपमा नागरिकता प्रमाण-पत्र प्रदान गर्ने व्यवस्था मिलाइनेछ । लागू औषध र अन्य सामाजिक अपराधहरू नियन्त्रण गर्नका लागि ठोस कार्यक्रमहरू संचालन गरिनेछन् । बन्दीहरूको लागि सुधारात्मक कार्यक्रमको थालनी र कारागारहरूको क्रमशः सुधार गर्दै लगिनेछ। देशका केही क्षेत्रमा संचालन भइरहेको असामाजिक तथा आतंकवादी गतिविधिबाट जन समुदायमा असुरक्षाको भावनाको सृजना तथा विकास कार्यहरूको कार्यान्वयनमा बाधा उत्पन्न भइरहेकोछ । यसलाई मेरो सरकारले कडाइकासाथ समयमै समाधान गर्न आवश्यक कदम चाल्नेछ साथै राजनैतिक, आर्थिक एवं सामाजिक पहल समेत गर्नेछ। मेरो सरकारले देशमा मानव अधिकारको संरक्षण तथा संस्थागत विकासको लागि ठोस कदम चाल्नेछ ।

२७. शाही नेपाली सेनालाई समयानुकूल आधुनिकीकरण गर्दै लगिने छ। विकास



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निर्माण एवं दैवीप्रकोप उद्धार कार्य तथा वातावरण संरक्षण र संयुक्त राष्ट्र संघको आव्हानमा शान्ति स्थापना गर्ने कार्यमा शाही नेपाली सेनालाई सहभागी गराउने नीति कायमै राखिनेछ ।

२८. राष्ट्रिय हित, सार्वभौमिक समानता, पारस्परिक विश्वास, सद्भावना र सहयोग तथा संयुक्त राष्ट्र संघको बडापत्र एवं पंचशीलको सिद्धान्तमा आधारित मेरो सरकारको परराष्ट्र नीति कायमै रहनेछ। नेपालको आर्थिक हित हुने गरी अन्तरराष्ट्रिय सम्बन्ध परिचालन गर्न मेरो सरकारले आर्थिक कूटनीतिलाई सबल पार्दै लैजानेछ । हाम्रा प्रधानमन्त्रीबाट गतवर्ष भएको संयुक्त अधिराज्य र पाकिस्तानको भ्रमण एवं जनवादी गणतन्त्र चीन तथा जर्मनीका राष्ट्रपतिहरू तथा हालै भारतीय प्रधानमन्त्रीबाट भएको नेपाल भ्रमणले हाम्रा बीचका परम्परागत घनीष्ट एवम् मैत्रीपूर्ण सम्बन्धलाई अझ प्रगाढ तुल्याएको छ । दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनलाई सदस्य राष्ट्रहरूको समान हित हुने मूल आर्थिक क्षेत्रहरू तर्फ उन्मुख गर्ने प्रयासको साथै भौगोलिक दृष्टिले उपक्षेत्रीय सहयोग प्रवर्द्धन गर्न पनि नेपालले सक्रिय कदम चाल्नेछ । भूटानी शरणार्थी समस्याको समाधान गर्न मेरो सरकारले आवश्यक सबै उपायहरूको खोजी गर्नेछ ।

२९. नेपाल अधिराज्यको संविधानले स्थापित गरेका मूल्य र मान्यताहरूको संरक्षण र सम्वर्द्धन गर्दै राष्ट्रियताको जगेर्ना गर्नु र नेपाली मात्रको सर्वाङ्गीण विकासका लागि अभिमुख रहनु मेरो सरकारको लक्ष्य रहेको छ। नेपालको विकासमा सहयोग पुऱ्याउने मित्र राष्ट्र एवं दातृसंस्थाहरू प्रति मेरो सरकारले आभार व्यक्त गर्दै सहयोगमा निरन्तरता रहने विश्वास राखेको छ। स्थानीय निकायको निर्वाचन कार्यमा सहयोग पुऱ्याउने सम्पूर्ण देशवासीलाई मेरो सरकार धन्यवाद प्रदान गर्दछ। राष्ट्रिय महत्वका विषयमा सबै दलहरूसंग समझदारी स्थापित गरी राष्ट्रिय सहमतिका आधारहरू बलियो बनाउने प्रयत्न जारी रहनेछ। यस्ता विषयहरूमा जनप्रतिनिधि लगायत सबै क्षेत्रबाट सकारात्मक सहयोगको हामीले अपेक्षा राखेका छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् !

जय नेपाल !

**हुकुम बक्से बमोजिम,**
**ईश्वरप्रसाद उपाध्याय**
**संसदको महासचिव**

**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९८